# वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण पुस्तिका, २०७७

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

EUROPEAN UNION
ADB
ASIAN DEVELOPMENT BANK
BRITISH COUNCIL

**प्रकाशक :**
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशक :

**संस्करण :**
वि.सं. २०७७ (ई.सं. २०२०)

**छपाइ र वितरण :**
यो पुस्तिका एसियाली विकास बैंक-युरोपेली संघको संयुक्त लगानीको प्राविधिक सहायताबाट ब्रिटिश काउन्सिल मार्फत छपाइ र वितरण गरिएको हो ।

# भूमिका

विश्वमा फैलिएको कोभिड-१९ को महामारीबाट नेपाल पनि प्रभावित हुन पुगेको छ। नेपालमा यस रोगको सङ्क्रमणका कारण लकडाउनसँगै विद्यालयहरू बन्द भएका छन् । यसले गर्दा बालबालिकाहरू विद्यालय गई अध्ययन गर्न पाएका छैनन् । यसले नियमित सिकाइ प्रणालीलाई अवरुद्ध बनाएको छ । यसरी अवरुद्ध रहेको सिकाइ प्रणालीलाई सुचारु गर्न र बालबालिकाहरूलाई विद्यालयमा नियमित पठन पाठन नभए सम्म आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रले कक्षा १-१० को पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई रेडियो तथा टेलिभिजन सामग्री विकास गरी प्रसारण गर्दै आएको अवस्था छ । यसैगरी केन्द्रले विभिन्न स्वाध्ययन तथा क्रियाकलापमा आधारित सिकाइ सामग्रीहरू विकास गरी पोर्टल (learning.cehrd.edu.np) मा राखेको छ र स्थानीय तह र गैसस मार्फत छपाइ र वितरण हुँदै आएको छ । विद्यार्थीको सिकाइ प्रणालीलाई सुचारु गर्नका लागि सरकारी तथा गैससहरूबाट विभिन्न प्रयासहरू भए पनि शिक्षकबाट विद्यार्थीहरूको सिकाइमा निरन्तर समन्वय, सोध खोज र सहजीकरण आवश्यक भएको महसुस गरिएको छ। कोभिड-१९ को संक्रमणको यस जटिल अवस्थामा शिक्षकले विभिन्न माध्यम (फोन, भाइवर, मेसेज, इमेल, च्याट, भर्चुअल मिटिङ आदि) बाट विद्यार्थीहरूसँग सम्पर्क स्थापित गरी विद्यार्थीको सिकाइमा सहजीकरण गर्न आवश्यक देखिन्छ । यसका अतिरिक्त यस जटिल परिस्थितिमा विद्यार्थीको सिकाइमा सहजीकरण गर्ने क्रममा अभिभावकको भूमिका महत्वपूर्ण हुने देखिएको छ । यसर्थ शिक्षक, अभिभावक र सम्बद्ध सरोकारवालाहरूलाई उपयोगी मार्गदर्शन प्रदान गर्न सहयोगी हुने गरी शिक्षा सम्बद्ध सरोकारवालाहरूको सहभागितामा यो **'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण पुस्तिका, २०७७'** विकास गरिएको छ ।

यस सहजीकरण पुस्तिकाको विकास गर्ने सन्दर्भमा कार्यदलमा रही पुस्तिका लेखन तथा सम्पादन गर्नु हुने कार्यदलका सबै सदस्यहरू र महत्वपूर्ण सुझाव र सल्लाह प्रदान गर्नुहुने शिक्षा समूहका सदस्यहरू धन्यवादका पात्र हुनुहुन्छ। यो पुस्तिका विकास कार्यमा प्राविधिक सहयोग पुऱ्याउने युनेस्को काठमाडौँ प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यो सहजीकरण पुस्तिकाको छपाइ र वितरण कार्यमा सहयोग गर्ने एसियाली विकास बैंक-युरोपेली संघको संयुक्त लगानी मार्फत ब्रिटिश काउन्सिलद्वारा संचालित विद्यालय क्षेत्र विकास कार्यक्रम प्राविधिक सहयोग सुविधा (एसएसडीपी-टि ए फेसीलिटी) लाई धन्यवाद प्रकट गर्दछु। यस पुस्तिकाको सफल कार्यान्वयन गरी विद्यार्थीको सिकाइमा सहजीकरण गर्न सम्बद्ध सरोकारवालाबाट पूर्ण सहयोगको अपेक्षा गरेको छु ।

मितिः २०७७/४/१३

**डा. तुलसी प्रसाद थपलिया**
महानिर्देशक

# विषयसूची


| क.स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | ७ |
| २ | आवश्यकता | ८ |
| ३ | सहजीकरण पुस्तिकाको उदेश्य | ८ |
| ४ | सिकाइ सहजीकरणपूर्व शिक्षकले गर्नुपर्ने कार्यहरू | ९ |
| ५ | सिकाइ सहजीकरण गर्दा शिक्षकले गर्नुपर्ने कार्यहरू | १० |
| ६ | विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा/मूल्याङ्कन | १२ |
| ७ | विभिन्न सरोकारवालाको भूमिका | १३ |

# वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण पुस्तिका, २०७७

# १

## परिचय

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कोभिड-१९ को सङ्क्रमणको कारण अवरुद्ध रहेको सिकाइ प्रणालीलाई सुचारु गर्न र विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा नियमित पठनपाठन नभएसम्म आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गर्न दूर तथा खुला शिक्षा लगायत वैकल्पिक प्रणालीको माध्यमबाट प्रभावकारी र व्यवस्थित रूपमा सिकाइमा सहजीकरण गर्न **वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका,** २०७७ जारी गरी कार्यान्वयनमा ल्याएको छ । उक्त निर्देशिका बमोजिम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले कक्षा १-१० को पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित भई रेडियो र टेलिभिजन सामग्री विकास गरी प्रसारण गर्दै आएको छ । केन्द्रले प्रारम्भिक बालविकासदेखि कक्षा ३ सम्मका बालबालिकाका लागि अभिभावकले घरमा नै गराउन सक्ने सिकाइ क्रियाकलापहरू र कक्षा ४ देखि कक्षा ८ सम्मका विद्यार्थीहरूका लागि स्वाध्ययन तथा क्रियाकलाप सामग्री विकास गरी पोर्टलमा राखेको छ ।

केही विद्यालयहरूले अनलाइनबाट भर्चुअल कक्षाहरू पनि सञ्चालन गर्दै आएका छन् भने केही स्थानीय तहहरूले रेडियो कक्षाहरू तथा टेलिभिजन कार्यक्रम विकास गरी प्रसारण गर्दै आएका छन् । विभिन्न गैरसरकारी सङ्घसंस्थाहरूले पनि विद्यार्थीको सिकाइ सहजीकरणका लागि विभिन्न प्रयासहरू गर्दै आएका छन् । यस परिप्रेक्ष्यमा शिक्षक र विद्यार्थीबिच निरन्तर सम्पर्क स्थापित गरी विद्यार्थीको सिकाइमा सहजीकरण र सिकाइ प्रगतिको लेखाजोखा तथा मूल्याङ्कन गर्न शिक्षकलाई सहयोग हुने ध्येयले यो पुस्तिका तयार गरिएको छ ।

# २

## आवश्यकता

विद्यालयमा नियमित पठनपाठन नभएसम्म आफ्नो परिवेश अनुकूल सिक्ने सिकाउने वातावरण सिर्जना गर्न विभिन्न प्रयत्नहरू गरिएका छन् तापनि बालबालिकाको सिकाइ वातावरणलाई अन्तर्क्रियात्मक बनाउन सकिएको छैन । कोभिड १९ का कारणबाट शिक्षक र विद्यार्थीबिच प्रत्यक्ष सम्पर्क (Connection) मा समस्या रहेको छ । विद्यार्थी ट्र्याकिङ गर्ने, रेडियो तथा टेलिभिजनबाट प्रसारण भएका शैक्षिक कार्यक्रमका विषयमा विद्यार्थीसम्म सूचना प्रवाह गर्ने, पाठ्यपुस्तक, स्वाध्ययन सामग्री एवम् सन्दर्भ सामग्री विद्यार्थीको हातमा पुगेको सुनिश्चित गर्ने, पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धिहरू हासिल गर्ने गरी विभिन्न तरिकाबाट सिकाइमा सहजीकरण गर्ने आदि विषयमा अझै समस्यामुक्त हुन सकेको छैन । तसर्थ विद्यालयमा नियमित पठनपाठन नभएसम्म सबै बालबालिकाहरूको सिकाइमा सहयोग गर्नका लागि शिक्षक र विद्यार्थीबिच निरन्तर सम्पर्क स्थापित हुन आवश्यक छ । स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा शिक्षकले आफू पूर्ण सुरक्षित रही विद्यार्थी म्यापिङ् र ट्र्याकिङ् गर्ने एवम् बालबालिकाले पाठ्यपुस्तक पाएको सुनिश्चित गर्ने, विभिन्न माध्यम (फोन, भाइवर, मेसेज, इमेल, मेसेन्जर, च्याट, भर्चुअल मिटिङ आदि) बाट अभिभावक/विद्यार्थीसँग सम्पर्क स्थापित गरी पोर्टलमा सिकाइ सामग्रीको उपलब्धता, प्रसारण भइरहेका रेडियो तथा टेलिभिजन कार्यक्रमको समयतालिकाका बारेमा जानकारी दिने, उक्त सामग्रीबाट सिकाइ भएको सुनिश्चित गर्ने, आफूले पढाउने विषयमा छलफल गर्ने, गृहकार्य दिने र गृहकार्यको पृष्ठपोषण दिन भर्चुअल कक्षा सञ्चालन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने आदि कार्यहरू गर्न आवश्यक छ । यिनै कार्यहरूलाई प्रभावकारी र व्यवस्थित बनाई विद्यार्थीको सिकाइमा सहजीकरणका लागि यो पुस्तिका निर्माण गर्न आवश्यक देखिएको हो ।

# ३

## सहजीकरण पुस्तिकाको उद्देश्य

कोभिड-१९ को संक्रमणको कारण विद्यालयमा नियमित पठनपाठन नभएसम्म दूर तथा खुला शिक्षा लगायत वैकल्पिक प्रणालीको माध्यमबाट भइरहेका शैक्षिक कार्यक्रमबाट विद्यार्थीले गरेको सिकाइको अनुगमन तथा लेखाजोखा गर्ने, समस्याहरू पहिचान गर्ने र शिक्षक र विद्यार्थीबिच निरन्तर सम्पर्क स्थापित गरी विद्यार्थीहरूको सिकाइमा सहजीकरण गर्ने र बालबालिकाको सिकाइको अवस्था पहिचान गरी थप पृष्ठपोषण प्रदान गर्ने कार्यमा शिक्षक, अभिभावकलगायत अन्य सरोकारवालाहरूलाई उपयोगी मार्गदर्शन प्रदान गर्ने यस पुस्तिकाको मुख्य उद्देश्य रहेको छ ।

# ४

# सिकाइ सहजीकरणपूर्व शिक्षकले गर्नुपर्ने कार्यहरू

बालबालिकाको सिकाइ सहजीकरणपूर्व शिक्षकले देहायबमोजिमका कार्यहरू सम्पादन गर्न सक्नेछन् :

क) स्थानीय तह, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसँग समन्वय गरी वैकल्पिक सिकाइ सहजीकरणमा मानसिक रूपले तयार हुने,

ख) सबै बालबालिकाहरूले परीक्षाको नतिजा प्राप्त गरी हालको कक्षा र तहका बारेमा उनीहरूलाई जानकारी भएको सुनिश्चित गर्ने,

ग) चालू वा अघिल्लो शैक्षिक सत्रको अभिलेख अनुसार आफूले पढाउने र आफ्नो विद्यालयको सेवाक्षेत्रभित्र भएका वैकल्पिक प्रणालीमा आबद्ध नभएका सबै बालबालिकाहरूको नामनामेसी, बाबु आमाको नाम, ठेगाना, सम्पर्क नम्बर, इमेल ठेगाना आदि विवरण तयार गर्ने,

घ) कोभिड-१९ का महामारीले बालबालिकाहरू र उनीहरूका अभिभावकलाई परेको असर र जटिल मनोसामाजिक समस्या भए नभएको बारे पूर्ण जानकार हुने । जटिल अवस्था थाहा भएमा स्थानीय तह, विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई जानकारी दिने,

ङ) विभिन्न माध्यमबाट सिधै विद्यार्थीसँग र सो नभए अभिभावकसँग सम्पर्क गरी वा सामाजिक दूरी कायम राखी वा सुरक्षित रही आफूले पढाउने बालबालिका र आफ्नो विद्यालयको सेवाक्षेत्रभित्र भएका वैकल्पिक प्रणालीमा आवद्ध नभएका बालबालिकाहरूलाई देहाय बमोजिम समूहगत रूपमा वर्गीकरण गर्ने :

   १) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह,
   २) रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह,
   ३) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह,
   ४) कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटि नभएका विद्यार्थी समूह,
   ५) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिमा पहुँच भएका विद्यार्थी समूह ।

च) आफूले जिम्मेवारी पाएको कक्षा र क्षेत्रमा अपाङ्गता भएका बालबालिका भए पहिचान गरी उनीहरूसँग भएको सिकाइ सामग्रीको उपलब्धता र प्रयोगका बारेमा विस्तृत विवरण तयार पारी सम्बन्धित स्रोत शिक्षकसँग समन्वय गर्ने,

छ) सबै बालबालिकाहरूले पाठ्यपुस्तक पाएको र सबैसँग पढ्न लेख्नका लागि चाहिने शैक्षिक सामग्री भएको सुनिश्चित गर्ने,

ज) सबै किसिमको प्रावधानको पहुँचभन्दा बाहिर रहेका बालबालिकाको समूहका लागि घरमै पाठ्यपुस्तक तथा स्वअध्ययन सामग्री उपलब्ध भएको सुनिश्चित गर्ने,

झ) आफूले जिम्मेवारी पाएको कक्षा र क्षेत्रका बालबालिकाले सिकाइ निरन्तरताका लागि प्राप्त गरेका अवसर, सामग्रीको प्रयोगको अवस्था, सिकाइ स्तर पहिचान गरी सिकाइस्तरका आधारमा बालबालिकाहरूको वर्गीकरण गर्ने,

ञ) हालको अवस्थामा बालबालिकाको सिकाइ निरन्तरताका लागि अभिभावकले गरेका राम्रा अभ्यास, प्रयास, चुनौतीको अभिलेखीकरण गर्ने र बालबालिकाको सिकाइ निरन्तरताका लागि अभिभावकको भूमिका सम्बन्धी छलफल गरी अभिभावकसँग सम्पर्क स्थापित गरी योजना बनाउने,

ट) माथि उल्लेखित विद्यार्थीको समूहगत रूपमा वर्गीकरणबाट आएको नतिजा र सिकाइस्तर पहिचानका आधारमा सिकाइ सहजीकरण गर्न साप्ताहिक/पाक्षिक/मासिक सङ्क्षिप्त योजना निर्माण गर्ने ।

बालबालिका, प्रधानाध्यापक, उनीहरूका अभिभावक र विद्यालय व्यवस्थापन समितिलाई सो योजनाको जानकारी गराउने ।

# ५

## सिकाइ सहजीकरण गर्दा शिक्षकले गर्नुपर्ने कार्यहरू

सिकाइ सहजीकरणका क्रममा देहायका विद्यार्थी समूहका लागि देहायबमोजिम सहजीकरण गर्न सक्नेछन् :

### ५.१ सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूहका लागि

१) सुरक्षित मापदण्ड अपनाई भौतिक दूरी कायम गर्दै बालबालिकाहरूलाई पाठ्यपुस्तक, स्वाध्यायन सामग्री वा छपाइका सामग्रीहरू उपलब्ध गराउनका लागि पहल गर्ने ।

२) बालबालिकालाई पाठ्यपुस्तक बाहेक पूरक अथवा अतिरिक्त सामग्री पढ्न सहयोग बालबालिकाहरूलाई सहयोग गर्ने ।

३) विद्यालयको पुस्तकालय तथा सिकाइ कुनामा भएका सामग्री उपलब्ध गराउने र विद्यार्थीहरूलाई अध्ययनको लागि हौसला प्रदान गर्ने,

४) सिकाइ सहजीकरण योजना बनाउँदा प्रारम्भिक बालविकासदेखि कक्षा तीनसम्म र बालबालिकाको अभिभावक र माथिल्लो कक्षामा आफूले दिनुपर्ने समय मिलाई नजिकबाट सहयोग गर्ने,

५) अभिभावकहरूको अवस्था र क्षमता पहिचान गरी आवश्यकता अनुसार बालबालिकाको सिकाइमा सहयोग उपलब्ध गराउन सक्ने नजिकको युवासँग समन्वय गरी उक्त कार्यमा आवश्यक सहयोग प्राप्त गर्ने ।

६) विद्यार्थीको तह, उमेर र सिकाइ क्षमताको आधारमा पनि कसलाई कति समय आवश्यक पर्छ, योजनामा उल्लेख गर्ने,

७) विद्यार्थीलाई गृहकार्य दिने र गृहकार्य गराउन अभिभावकहरूलाई समेत जिम्मेवार बनाउने र समय समयमा फलोअप गर्ने । गृहकार्य दिँदा प्रारम्भिक बालविकासदेखि कक्षा तिनसम्म र माथिल्लो कक्षाको सिकाइ क्षमता र अभिभावकको सिकाउन सक्ने क्षमतालाई मध्यनजर गर्दै पाठ्यक्रम/पाठ्यपुस्तकमा आधारित परियोजना कार्यहरूलाई समावेश गराउने,

८) विविध कारणले सिकाइमा कठिनाइ भोगिरहेका विद्यार्थीहरूका लागि अभिभावकले घरमा नै गर्न सक्ने सिकाइ सहयोग योजना बनाई अभिभावकलाई फोन वा प्रत्यक्ष जानकारी गराई सो अनुरुप कार्य गर्न अनुरोध गर्ने,

९) प्रारम्भिक बालविकासदेखि कक्षा तीनसम्मका बालबालिकाहरूलाई बढीभन्दा बढी अन्तर्क्रिया गर्न, उपलब्ध सामग्रीहरू प्रयोग गर्न, दोहोऱ्याई दोहोऱ्याई कार्य गर्न वा पढेर सुनाउन, लेखेर देखाउन, बुझाइ भए नभएको सोधेर एकिन गर्न अभिभावकहरूलाई संलग्न गराउने,

१०) शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायत प्रदेश र स्थानीय तहबाट प्रकाशित सामग्रीहरू बालबालिकालाई पढ्न र अभिभावकलाई सिकाउन वा पढे नपढेको सुनिश्चित गर्न सहयोग गर्ने,

११) बालबालिकाको घरमा सिकाइका लागि दैनिक कार्यतालिका निर्माण गर्न सहजीकरण गर्ने,

१२) प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि सिकाइ क्रियाकलाप बनाउँदा सर्वाङ्गीण विकासका सबै पक्ष समावेश भएको र बालबालिकाका सबै इन्द्रियहरू क्रियाशील हुने खालका क्रियाकलाप बनाउने,

१३) बालबालिकाले सिकेको सुनिश्चित गर्न अभिभावक भेट तथा बालबालिकाले गरेका क्रियाकलापको अभिलेख (फोटो, चित्रहरू, लेखेका कापीका पानाहरू वा अभिभावकले भनेका रेकर्ड) जम्मा गर्ने,
१४) प्रारम्भिक बालविकास उमेरका क्रियाकलापमा प्रयोग हुने सामग्री सकेसम्म घर छिमेकमा नै उपलब्ध भएको छान्ने ।

## ५.२ रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूहका लागि

१) शिक्षकहरूले कुन कुन बालबालिकाको घरमा रेडियो छ सोको सूचना लिने र पढाइ कार्यक्रम सुनेको छ छैन सो बारे अभिभावकसँग सञ्चार सम्पर्क गर्ने र आवश्यक सुझाव दिने,
२) रेडियोका कार्यक्रमको समयतालिकाका बारेमा अभिभावक र विद्यार्थीमा सूचना पुऱ्याउने,
३) शिक्षकले बालबालिकाहरूलाई पहिला प्रश्न दिने, परियोजना कार्य दिने अनि दैनिक समयतालिका अनुसार रेडियो, एफएम रेडियो सुन्न लगाउने । अनि भौतिक दूरी कायम राखी भेटेर वा फोनमार्फत विद्यार्थीहरूसँग सम्पर्क गरेर केही प्रश्नोत्तर वा अन्तर्क्रिया गर्ने । प्रश्नोत्तर गर्दा रेडियोमा प्रसारण भएको पाठ राम्रोसँग सुन्न सकियो कि सकिएन ? सुनेको भए पाठमा प्रसारण भएका सन्देश तथा अभ्यासहरू बुझ्न सकियो कि सकिएन ? आदि प्रश्न सोध्ने र छलफल गरी स्पष्ट पार्ने,
४) अभिभावकले रेडियोमा प्रसारण हुने पाठ बालबालिकासँगै बसी सुन्न र छलफल गर्न प्रोत्साहित गर्ने ।
५) रेडियोमार्फत प्रसारण भएको पाठ बुझ्नमा बालबालिकाहरूलाई परेको समस्या यकिन गर्ने र समस्या समाधान गरिदिने,
६) प्रारम्भिक बालविकासदेखि कक्षा तिनसम्मका विद्यार्थीहरूको अभिभावकहरूसँग रेडियो कार्यक्रममा दैनिक योजना बनाई अभिभावकहरू नदोहरिने गरी कुनै विषयवस्तुमा फोनमार्फत सम्पर्क गरेर बालबालिकाको सिकाइमा सहयोगका लागि सुझावहरू दिने,
७) बहिरा तथा सुनाइसम्बन्धी अपागङ्ता भएका विद्यार्थी छन् भने साङ्केतिक भाषा बुझ्ने र बोल्ने शिक्षक परिचालनका लागि विद्यालय वा स्थानीय तहसँग अनुरोध गर्ने । अभिभावकको सहयोग लिएर रेडियोको पाठ बुझाउने प्रयास गर्ने,
८) बौद्धिक अपागङ्ता भएका विद्यार्थीको हकमा भने पाठ प्रसारण हुने बेलामा अभिभावकले पनि सुन्ने र बुझाउने ।
९) नेपाली दोस्रो भाषा भएका प्रारम्भिक कक्षाका विद्यार्थीहरूको हकमा भने अभिभावकहरूलाई पाठ सुन्न र बुझाउनका लागि परिचालन गर्ने ।

## ५.3 टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूहका लागि

१) शिक्षकहरूले कुन कुन बालबालिकाको घरमा टेलिभिजन छ सोको सूचना लिने र पढाइ कार्यक्रम सुनेको वा हेरेको छ छैन सो बारे आफू सुरक्षित रही भेट्ने वा अभिभावकसँग सञ्चार सम्पर्क गर्ने र आवश्यक सुझाव दिने,
२) टेलिभिजनका कार्यक्रम र समयतालिका बारे अभिभावक र विद्यार्थीमा सूचना पुऱ्याउने,
३) टेलिभिजनका कार्यक्रममा दैनिक योजना बनाई विद्यार्थीहरू नदोहरिने गरी कुनै विषयवस्तुमा फोनमार्फत सम्पर्क गरेर केही प्रश्नोत्तर वा अन्तर्क्रिया गर्ने,
४) टेलिभिजनमार्फत प्रसारण भएको पाठ बुझ्नमा बालबालिकाहरूलाई परेको समस्या यकिन गर्ने र समस्या समाधान गरिदिने,
५) प्रारम्भिक तहका विद्यार्थीहरूको अभिभावकहरूसँग टेलिभिजनका कार्यक्रममा दैनिक योजना बनाई अभिभावकहरूलाई पालैपालो गरी कुनै विषयवस्तुमा फोनमार्फत सम्पर्क गरेर वा आफू सुरक्षित रही बालबालिकाको सिकाइमा सहयोग गर्ने वा सुझावहरू दिने,
६) नेपाली दोस्रो भाषा भएका प्रारम्भिक कक्षाका विद्यार्थीहरूको हकमा भने अभिभावकहरूलाई पाठ सुन्न हेर्न र बुझाउनका लागि परिचालन गर्ने,

७) दृष्टिविहीन तथा दृष्टिसम्बन्धी अपागङ्ता भएका विद्यार्थी छन् भने पाठमा वर्णन गरिएका चित्र, रङ., सङ्केत तथा सन्देशलाई बुझाउन अभिभावकसँग सहयोग लिने,

८) बौद्धिक अपागङ्ता भएका विद्यार्थीको हकमा भने पाठ प्रसारण हुने बेलामा अभिभावकले पनि हेर्ने सुन्ने र बुझाउने,

९) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिको उपलब्धता भए पनि विशेष अवस्थामा रहेका वा अपागङ्ता भएका विद्यार्थीहरूको पहुँच नहुन सक्छ । यस्तो अवस्थामा विद्यार्थीहरूलाई शिक्षक र अभिभावकको सहयोगको सुनिश्चितता गराउने ।

## ५.४ कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटि नभएका विद्यार्थी समूहका लागि

१) शिक्षकले अफलाईन सामग्रीहरू बालबालिकालाई उपलब्ध गराई पढ्न प्रोत्साहित गर्ने,

२) प्रारम्भिक बालविकासदेखि कक्षा तिनसम्मका उमेरका बालबालिकाको बारेमा आभिभावकलाई र माथिल्लो कक्षाका बालबालिकालाई सोही बालबालिकालाई फोन लागेसम्म फोन गरी उनीहरूसँग सिकाइका बारेमा अन्तर्क्रिया गर्ने,

३) घरमै आधारित सिकाइ सामग्रीको आधारमा बालबालिकालाई पढ्न र अभिभावकलाई सिकाउन वा पढे नपढेको सुनिश्चित गर्न सहयोग गर्ने,

४) बालबालिकाको घरमा सिकाइका लागि दैनिक कार्यतालिका निर्माण गर्न सहजीकरण गर्ने ।

## ५.५ इन्टरनेट तथा सूचना सञ्चार प्रविधिमा पहुँच भएका विद्यार्थी समूहका लागि

१) मोवाइल एप वा म्यासेज मार्फत दैनिक वा साप्ताहिक के के गर्ने वा विद्यार्थीले के के गरे भन्ने खालको म्यासेजहरू पठाउने र यकिन गर्ने,

२) वेभमा समूह बनाएर विद्यार्थीले गरेका कार्यहरूको फोटोहरू पठाउन लगाउने,

३) शिक्षकले आफ्नो मोबाइल नम्बर विद्यार्थी र अभिभावकसँग सेयर गर्ने र केही पढाइका समस्या भए विद्यार्थीलाई फोन गर्न भन्ने र पढाइका समस्या समाधान गरिदिने र समय समयमा शिक्षकले पनि विद्यार्थी र अभिभावकलाई फोन गरी सोध्ने,

४) भर्चुअल कक्षा सञ्चालन गर्ने ।

५) प्रारम्भिक बालविकासदेखि कक्षा तिनसम्मका बालबालिकालाई भर्चुअल कक्षा सञ्चालन गर्दा बालबालिकाको ध्यान केन्द्रित गर्न सक्ने अवधिलाई ध्यानमा राखी बढीमा १५ मिनेटको कक्षा सञ्चालन गर्ने । यस्ता क्रियाकलाप बनाउँदा सर्वाङ्गीण विकासका सबै पक्ष समावेश भएको र बालबालिकाका सबै इन्द्रीयहरू क्रियाशील हुने खालका बनाउने ।

# ६

# विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा/मूल्याङ्कन

सिकाइ सहजीकरण क्रियाकलापपछि विद्यार्थीले हासिल गरेको सिकाइउपलब्धि लेखाजोखा गर्नु पर्दछ । यसका लागि देहायका विधिहरू अपाउन सकिन्छ :

क) सम्बन्धित विषय शिक्षकले विद्यार्थीलाई पाठ्यक्रमका आधारमा विषयवस्तु अनुसार हरेक दिन सिकेका विषयहरूको विवरण तयार गर्न लगाउने । यसका लागि गृहकार्य दिने, भर्चुअल कक्षाको प्रसारण तालिकाअनुसार गरेका क्रियाकलापहरूको सूची तयार गर्न लगाउने, परियोजना कार्य गराउने जस्ता कार्यहरूको कार्यसम्पादनलाई आधार मान्ने,

ख) घरमा गरेका कार्य, सामाजिक व्यवहार, सामुदायिक कार्य, कृषि कार्य, घरायसी कार्य, कोरोना प्रतिरोधी कार्य, सरसफाइ, पारस्परिक सहयोग आदानप्रदान लगायत हासिल गरेका जीवनोपयोगी सिपहरूको विवरण सङ्कलन गर्ने,

ग) कथा, कविता, निबन्ध, लेख रचना, चित्र लेखन, चोयाका कार्यहरू, गुन्द्री चटाइ आदि बुन्ने, सिलाइ बुनाइ, फोटोग्राफी, नाचगान, बाजा बजाउने जस्ता सिर्जनात्मक कार्यहरूलाई विषय हेरी मूल्याङ्कनका आधार बनाउने,

घ) अनलाइन स्रोत, रेडियो, टेलिभिजनमा प्रसारित पाठ वा अग्रज एवम् सहजकर्ताको सहयोगमा गरिएका क्रियाकलापको अभिलेख सङ्कलन गर्ने,

ङ) पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्धारण गरिएका निरन्तर तथा आवधिक मूल्याङ्कन विधिहरूको उपयोग गर्ने । साथै विद्यालय खुलेपछि समूह विभाजन गरी थप सिकाइ योजना बनाएर पूरक शिक्षण गतिविधि सञ्चालन गर्दै यसलाई पनि मूल्याङ्कनमा समावेश गर्ने,

च) बालबालिकाले वैकल्पिक प्रणालीबाट सिकेका सिकाइलाई निम्नअनुसारको ढाँचामा विवरण तयार पार्न लगाउने र उक्त विवरण विद्यालय पुनः सञ्चालनपश्चात् कक्षामा छलफल गराउने ।

विद्यार्थीको नाम : कक्षाः

| क्र.सं. | विषय | सिकेको मुख्य विषय | सिकेको मिति | अभिभावक/ सहजकर्ताको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# ७

# विभिन्न सरोकारवालाको भूमिका

सिकाइ सहजीकरणका लागि शिक्षक सँगसँगै शिक्षा तालिम केन्द्र, स्थानीय तह, नेपाल शिक्षक महासँघ र आवद्ध संस्थाहरू, विद्यालय, अभिभावक, गैरसरकारी सङ्घ संस्था लगायतका अन्य सरोकारवालाहरूको सक्रियता र सहकार्य आवश्यक हुन्छ । यहाँ मुख्य मुख्य सरोकारवालाहरूको भूमिकालाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

## ७.१ स्थानीय तहको भूमिका

१) वैकल्पिक प्रणालीबाट विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ मा स्थानीय तहको भूमिका सम्बन्धी दफाहरूमा उल्लेख भएका बुँदाहरू अनुरूपका कार्यहरू गर्ने, गराउने,

२) वैकल्पिक प्रणाली अन्तर्गत सबै सिकाइ समूहमा रहेका विद्यार्थीहरूको सिकाइ सुनिश्चितताका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिमार्फत् शिक्षक परिचालनका लागि सहजीकरण गर्ने, गराउने,
३) स्थानीय तहले विकास गरेका अनलाइन तथा अफलाइनमा उपलब्ध सम्बन्धित तह र कक्षाका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित सान्दर्भिक सामग्रीहरूलाई आवश्यकतानुसार छपाइ तथा वितरणको व्यवस्था गर्ने,
४) वैकल्पिक प्रणालीअन्तर्गत सबै खाले सिकाइ समूहमा रहेका विद्यार्थीहरूका लागि विकास भएका स्वाध्ययन, अभिभावक सहयोगी सिकाइ सामग्री तथा अन्य अनलाइन र अफलाइन मोडमा सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्न शिक्षकहरूको क्षमता विकाससम्बन्धी छोटो अवधिका तालिम कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने,
५) वैकल्पिक प्रणाली अन्तर्गत सिकाइ समूहमा रहेका सबै बालबालिकाहरूको सहभागिता सुनिश्चित गर्न गराउन अभिभावक सचेतनाका गतिविधिसहित ती सिकाइ कार्यक्रमहरूको समयतालिका अभिभावकसम्म पुग्ने व्यवस्थापन गर्ने, गराउने,
६) वैकल्पिक प्रणालीअन्तर्गत सबै खाले विद्यार्थी सिकाइ समूह सापेक्ष सामग्री विकास, उत्पादन गर्दै बालबालिका समक्ष सिकाइ सुनिश्चित गर्न शिक्षकलाई सिर्जनात्मक कार्य गर्न अभिप्रेरित गर्ने, प्रोत्साहन गर्ने र आवश्यक वातावरण सिर्जना गर्ने, गराउने,
७) वैकल्पिक प्रणालीअन्तर्गत विद्यार्थी सिकाइ समूहअनुसार सञ्चालन भइरहेका सिकाइ सहजीकरण कार्यक्रमहरूको कार्यान्वयन अवस्था, बालबालिकाहरूको सिकाइ सुनिश्चितता, सिकाइ गुणस्तर, सामग्रीको उपलब्धता, अभिभावकको संलग्नता आदि पक्षको नियमित अनुगमन गर्ने, गराउने व्यवस्था गर्ने,
८) विद्यार्थी सिकाइ सहजीकरण कार्यक्रम र शिक्षक क्षमता विकासका गतिविधिहरूमा स्थानीय सङ्घसंस्थासँग समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्यक्रमहरू विकास गरी सञ्चालन गर्ने, गराउने,
९) सिकाइ सहजीकरणमा समुदायस्तरका संस्था परिचालन गर्ने,
१०) विद्यालयलाई बालबालिका पहिचान र वर्गीकरणका लागि मार्गदर्शन गर्ने ।

## ७.२ शिक्षा तालिम केन्द्रको भूमिका

१) वैकल्पिक प्रणालीअन्तर्गत विभिन्न समूहमा रहेका विद्यार्थीहरूको सिकाइ सहजीकरण गर्न शिक्षकको क्षमता विकास सम्बन्धमा अनलाइन तथा अफलाइनबाट आवश्यकता पहिचान, तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने,
२) भर्चुअल सिकाइ प्रणालीअन्तर्गत प्रविधिको प्रयोग गरी सिकाइ सहजीकरण, विद्यार्थी सिकाइ सामग्री विकास, सिकाइ मूल्याङ्कन जस्ता पक्षमा शिक्षकको क्षमता विकास गर्न तालिम कार्यक्रम सञ्चालन गर्ने,
३) विपद्को समयमा बालबालिका र अभिभावकका लागि आवश्यक मनोसामाजिक सहयोग, परामर्श, अभिभावकको सहयोगमा बालबालिकालाई घरमा नै गर्न सकिने सिकाइ सहयोग, जीवनोपयोगी तथा व्यवहार कुशल सीपहरू जस्ता अत्यावश्यकीय पक्षहरूमा शिक्षकहरूको सहजीकरण क्षमता विकास गर्न तालिम कार्यक्रमहरू विकास गरी सञ्चालन गर्ने, गराउने,
४) स्थानीय तहमा रहेका शिक्षकको तालिम प्रदायकहरूसँग सहकार्य तथा साझेदारी गरेर शिक्षक क्षमता विकासका गतिविधिहरू सञ्चालन गर्ने, गराउने,
५) विद्यालय नियमित सञ्चालनको तयारी, विद्यालय नियमित भएको अवस्थामा विद्यार्थी सिकाइ सहजीकरण, सिकाइ मूल्याङ्कन जस्ता पक्षहरूमा शिक्षकहरूको क्षमता विकास गर्न तालिम सञ्चालन गर्ने, गराउने,
६) यस पुस्तिकाको प्रयोग सम्बन्धमा शिक्षकहरूलाई अभिमुखीकरण गर्ने ।

## ७.३ शिक्षा विकास तथा समन्वय इकाइको भूमिका

१) वैकल्पिक प्रणालीअर्न्तगत विद्यार्थीहरूको समूहअनुसार सिकाइ सहजीकरणसम्बन्धी जिल्लागत तथ्याङ्क, सूचना र जानकारीहरूलाई व्यवस्थित गर्ने, अभिलेखीकरण गर्ने, गराउने,
२) वैकल्पिक प्रणालीमार्फत् विद्यार्थी सिकाइ सहजीकरणका लागि शिक्षक उपयोगी सामग्री सङ्कलन, वितरण, सहयोगी सङ्घसंस्था परिचालन तथा स्रोत व्यवस्थापनमा सहयोग गर्ने, गराउने,
३) वैकल्पिक प्रणालीअन्तर्गत विद्यार्थी सिकाइ गतिविधिहरूको प्रभावकारिता अध्ययन तथा अनुगमन गर्ने, गराउने,
४) वैकल्पिक सिकाइ सुनिश्चितताका लागि स्थानीय तहलाई सहजीकरण गर्ने ।

## ७.४ नेपाल शिक्षक महासङ्घ र आबद्ध संस्थाहरु

१) वैकल्पिक प्रणालीअन्तर्गत विद्यार्थीको समूहअनुसार सिकाइ सहजीकरण गर्नका लागि शिक्षकहरूलाई आवश्यक सूचना प्रवाह गरी निर्देशन गर्ने,
२) वैकल्पिक प्रणालीअर्न्तगत विद्यार्थी सिकाइ सहजीकरण गर्नका लागि शिक्षकको क्षमता विकासका क्षेत्रहरूको पहिचान गर्दै तालिम केन्द्र तथा विकास साझेदारहरूसँगको सहकार्यमा अनलाइन तथा अफलाइन तालिम तथा क्षमता विकासका कार्यक्रमहरूमा समन्वय गर्ने, सञ्चालन गर्ने,
३) सबै शिक्षकहरूलाई विद्यालय वा समुदायमा पुगी तोकिएको कार्य गर्न सहजीकरण गर्ने ।

## ७.५ विद्यालयको भूमिका

१) विद्यालयका शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी वैकल्पिक प्रणालीअन्तर्गत बालबालिकाहरूको समूह निर्माणका लागि सूचना सङ्कलन, समूह निर्माण, बालबालिका सिकाइ सहजीकरणका लागि उपयुक्त कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने, गराउने,
२) विद्यार्थी सिकाइ सहजीकरणका लागि सबै विद्यार्थीहरूलाई उनीहरूको पाठ्यपुस्तक उपलब्ध गराउने । विद्यार्थी सिकाइका लागि केन्द्रबाट उत्पादित पूर्व प्राथमिकदेखि कक्षा ८ सम्मको स्वाध्ययन तथा सिकाइ सामग्रीहरू सम्भव भएसम्म स्थानीय तहसँग समन्वय गरी छपाइको व्यवस्था गरी उपलब्ध गराउने । रेडियो तथा टेलिभिजन सिकाइ सामग्री प्रसारण समयतालिका उपलब्ध गराउने,
३) विकास भएका अनलाइन तथा अफलाइन सिकाइ सामग्रीहरू शिक्षकलाई उपलब्ध गराउने,
४) सेवा क्षेत्रका सबै विद्यार्थीलाई वैकल्पिक प्रणालीमा आवद्ध गरी सिकाइ सुनिश्चित गर्न शिक्षक तथा आवश्यकतानुसार स्थानीय तहसँग समन्वय गरेर स्वयम्सेवकलाई सहजीकरण गर्ने, गराउने,
५) शिक्षकहरूलाई वैकल्पिक प्रणालीअन्तर्गत सिकाइ सहजीकरण गर्न आवश्यक क्षमता विकासका क्षेत्रहरू पहिचान गरी स्थानीय तह, तालिम केन्द्रसँग समन्वय गरी अनलाइन तथा अफलाइन तालिममा सहभागी गर्ने, गराउने,
६) शिक्षकहरूलाई विद्यार्थीको सिकाइ आवश्यकता र स्थानीय परिवेशअनुसार छापा वा डिजिटल शैक्षिक सामग्री उत्पादन गर्न र रेडियो, टेलिभिजन तथा अनलाइनमा स्रोत शिक्षकका रूपमा समेत सिकाइ सहजीकरण गर्न प्रोत्साहन गर्ने,
७) विद्यार्थी सिकाइमा शिक्षकलाई सहयोग गर्न अभिभावकहरूलाई सचेतीकरण गर्ने, रेडियो, टेलिभिजन तथा अन्य माध्यमबाट सिकाइ गरिने समयतालिका उपलब्ध गराउने र विद्यार्थीलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपहरू सिकाउन अभिभावकलाई अभिप्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घंसँग समन्वयात्मक कार्यहरू गर्ने, गराउने,
८) स्थानीय परिवेश अनुकूल सिकाइ सामग्रीहरू विकास गर्न, पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित सिकाइ सामग्रीहरू उत्पादन गर्न, विद्यार्थीले सहज ढङ्गबाट सिकाइ गर्ने विधि र साधन प्रयोग गर्न शिक्षकहरूलाई आवश्यक स्रोत साधन उपलब्ध गर्ने, गराउने,

९) शिक्षकहरूले गरेको कार्यलाई सहजीकरण र अनुगमन गर्ने,
१०) विद्यालयमा आधारित शिक्षक पेसागत सहायता कार्यक्रमको सञ्चालन र व्यवस्थापन गर्ने ।

## ७.६ अभिभावकको भूमिका

### १) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका बालबालिकाका लागि

- बालबालिकालाई पाठ्यपुस्तक, स्वाध्ययन सामग्री र उनीहरूको रुचि अनुसारका घरमै उपलब्ध अन्य सन्दर्भ पुस्तकहरू पढ्न प्रोत्साहन गर्ने,
- पाठ्यपुस्तक तथा स्वाध्ययन सामग्रीमा भएका विषयवस्तुहरू आफूले जानेको भए ती विषयवस्तुहरू आफ्ना बालवालिकाहरूलाई सिक्न सहजीकरण गर्ने,
- बालबालिका पढिरहेको अवस्थामा उनीहरूको नजिकै बस्ने, पढे लेखेको सुन्ने, हेर्ने र छलफल गर्ने,
- घरमा माथिल्लो कक्षामा पढ्ने दाजु वा दिदीबाट सिक्न र सिकाउन लगाउने,
- बालबालिकाको विकासका लागि उनीहरूसँगै बसी लेखपढ गर्ने समयतालिका र आचारसंहिता निर्माण गर्ने र सोको पालना गर्ने र गर्न लगाउने ।

### २) रेडियो, एफएम रेडियोमा पहुँच भएका बालबालिकाका लागि

- रेडियोमा पाठ प्रसारण हुने समय तालिकाका बारेमा जानकारी गराउने,
- समयतालिका अनुसार रेडियो सुन्न लगाउने, बानी पार्ने,
- रेडियो सुन्दा आफू पनि बालबालिकासँगै बसेर सुन्ने र छलफल गर्ने,
- रेडियोबाट सुनेका मुख्य मुख्य कुराहरूलाई टिपोट गर्न लगाउने र दिइएका गृहकार्यहरू गर्न लगाउने,
- रेडियोबाट प्रसारित पाठसँग सम्बन्धित पुस्तकको पाठ पढ्न र अभ्यासहरू गर्न लगाउने,
- भोलिपल्ट प्रसारण हुने पाठलाई अघिल्लो दिनमा नै पाठ्यपुस्तकको सम्बन्धित पाठ पढ्न लगाउने,
- रेडियोबाट प्रसारण भएको पाठमा बालबालिकाले नबुझेका कुराहरूको सूची तयार गर्न लगाउने र सूचीका बारेमा बालबालिकासँग छलफल गर्ने,
- बालबालिकाहरू स्पष्ट हुन नसकेका विषयवस्तुहरू भएमा सम्बन्धित शिक्षकसँग सम्पर्क गरी गराई छलफल गराउने र समस्याको समाधान गर्ने,
- बालबालिका पढिरहेको अवस्थामा उनीहरूको नजिकै बस्ने, पढे लेखेको सुन्ने, हेर्ने र छलफल गर्ने,
- पाठ्यपुस्तकमा भएका विषयवस्तुहरू आफ्ना बालबालिकाहरूलाई सिक्न सहजीकरण गर्ने ।

### ३) टेलिभिजनमा पहुँच भएका बालबालिकाका लागि

- टेलिभिजनमा पाठ प्रसारण हुने समय तालिकाका बारेमा जानकारी गराउने,
- समयतालिका अनुसार टेलिभिजन हेर्न र सुन्न लगाउने, बानी पार्ने,
- टेलिभिजनबाट पाठ प्रसारण भइरहेको बेला आफू पनि बालबालिकासँगै बसेर हेर्ने, सुन्ने र छलफल गर्ने,
- टेलिभिजनबाट प्रसारण भएको पाठका मुख्य मुख्य कुराहरूलाई टिपोट गर्न लगाउने, दिइएका गृहकार्यहरू गर्न लगाउने,
- टेलिभिजनबाट प्रसारित पाठसँग सम्बन्धित पुस्तकको पाठ पढ्न र अभ्यासहरू गर्न लगाउने,
- टेलिभिजनबाट प्रसारण भएको पाठमा बालबालिकाले नबुझेका कुराहरूको सूची तयार गर्न लगाउने र सूचीका बारेमा बालबालिकासँग छलफल गर्ने,
- बालबालिकाहरू स्पष्ट हुन नसकेका विषयवस्तुहरू भएमा सम्बन्धित शिक्षकसँग सम्पर्क गरी गराई छलफल गराउने र समस्याको समाधान गर्ने,

- बालबालिका पढिरहेको अवस्थामा उनीहरूको नजिकै बस्ने, पढे लेखेको सुन्ने, हेर्ने र छलफल गर्ने,
- भोलिपल्ट प्रसारण हुने पाठलाई अघिल्लो दिनमा नै पाठ्यपुस्तकको सम्बन्धित पाठ पढ्न लगाउने,
- पाठ्यपुस्तकमा भएका विषयवस्तुहरू आफ्ना बालबालिकाहरूलाई सिक्न सहजीकरण गर्ने,
- विगतमा सिकेका विषयवस्तुहरूको बारेमा पुनरावलोकन गर्न लगाउने,
- अन्य सान्दर्भिक सामग्रीहरू खोज, सङ्कलन र अध्ययन विश्लेषण गर्न प्रोत्साहित गर्ने ।

## ४) कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटि नभएका बालबालिकाका लागि

- शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास गरी पोर्टलमा राखिएका स्वाध्ययन सामग्रीहरू आफैं वा शिक्षकको मद्दतले सिडि/पेनड्राइभ/हार्ड डिस्क आदिमा सङ्कलन गर्ने र घरमा भएको कम्प्युटरमा राख्ने, राख्न लगाउने र उक्त सामग्री अध्ययन गर्न लगाउने,
- बालबालिकाले स्वाध्ययन सामग्री अध्ययन गरिसकेपछि त्यसमा दिइएका अभ्यासहरू गर्न लगाउने,
- स्वाध्ययन सामग्रीहरू अध्ययन गरिरहँदा बालबालिकासँगै बस्ने र छलफल गर्ने,
- स्वाध्ययन सामग्रीमा बालबालिकाले नबुझेका कुराहरूको सूची तयार गर्न लगाउने र सूचीका बारेमा बालबालिकासँग छलफल गर्ने,
- बालबालिकाहरू स्पष्ट हुन नसकेका विषयवस्तुहरू भएमा सम्बन्धित शिक्षकसँग सम्पर्क गरी गराई छलफल गराउने र समस्याको समाधान गर्ने,
- स्वाध्ययनसँगै पाठ्यपुस्तकको सम्बन्धित पाठ पढ्न र अभ्यासहरू गर्न लगाउने,
- पाठ्यपुस्तकमा भएका विषयवस्तुहरू आफ्ना बालवालिकाहरूलाई सिक्न सहजीकरण गर्ने,
- समय तालिका बनाई अध्ययन गर्न प्रोत्साहित गर्ने,
- बालबालिकाको विकासका लागि उनीहरूसँगै बसी लेखपढ गर्ने समयतालिका र आचारसंहिता निर्माण गर्ने र सोको पालना गर्ने गराउने,

## ५) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिमा पहुँच भएका बालबालिकाका लागि

- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटको पोर्टलमा राखिएका स्वाध्ययन सामग्रीहरू डाउनलोड गरी नियमित रूपमा समय तालिकाअनुसार अध्ययन गर्न लगाउने र मुख्य मुख्य बुँदाहरू टिपोट गर्न लगाउने,
- स्वाध्ययन सामग्री अध्ययनपश्चात् पुस्तकको सम्बन्धित पाठ अध्ययन गर्न लगाउने र अभ्यासहरू समेत गर्न लगाउने,
- स्वाध्ययन सामग्रीहरू अध्ययन गर्दा वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटबाट रेडियो र टेलिभिजन पाठहरू सुन्दा र हेर्दा बालबालिकासँगै बस्ने, सुन्ने, हेर्ने र छलफल गर्ने,
- रेडियो र टेलिभिजन पाठपश्चात् पुस्तकको सम्बन्धित पाठ अध्ययन गर्न लगाउने र अभ्यासहरू समेत गर्न लगाउने,
- स्वाध्ययन सामग्री, रेडियो र टेलिभिजन पाठहरू नबुझेको खण्डमा सम्बन्धित शिक्षकसँग सम्पर्क गरी/गराई स्पष्ट हुन सहयोग गर्ने,
- पाठ्यपुस्तकमा भएका विषयवस्तुहरू बालवालिकाहरूलाई सिक्न सहजीकरण गर्ने,
- अन्य सान्दर्भिक सामग्रीहरू खोज, संकलन र अध्ययन विश्लेषण गर्न प्रोत्साहित गर्ने,

कोभिड-१९ को महामारीका कारण बालबालिकाहरू विद्यालय गई पढ्न नपाएको यस अवस्थामा अभिभावकले उपर्युक्त कार्यहरूका अतिरिक्त देहायका कार्यहरूसमेत सम्पादन गर्न अति आवश्यक देखिन्छ ।

- बालबालिकाका लागि आवश्यक पर्ने स्टेशनरी, जस्तै-कापी, किताब, कलम, मसी, सिसाकलम आदिको व्यवस्था गरिदिने,

- व्यक्तिगत सरसफाइ र असल आनिबानीहरू, जस्तै- माया ममता, आदर सम्मान, इमान्दारिता, मिठो बोलिबचन, सहयोगीपन, सहनशीलता, स्वअनुशासन आदिमा अभ्यस्त हुन सहयोग गर्ने,
- बालबालिकालाई उनीहरूको रुचि अनुसार गीत, कविता रचना गर्न र वाचन गर्न प्रोत्साहित गर्ने,
- बालबालिकाले दैनिक रुपमा सम्पादन गरेका कामहरू टिपोट गर्न लगाउने,
- विभिन्न जनावर तथा पशुपंक्षीको आवाजको अभिनय, व्यक्तिको बोली, स्वभाव तथा व्यवहार आदिको अभिनय गर्न उत्प्रेरित गर्ने,
- छोरा र छोरी दुवैलाई अध्ययनका लागि बराबरी समय मिलाउने,
- आफूसँगै घरायसी छलफल तथा कियाकलापमा बालबालिकालाई सहभागी गराउने,
- आफू सधैँ असल व्यवहारको उदाहरण बनी प्रस्तुत हुने,
- जीवनोपयोगी, सामाजिक, साँस्कृतिक, नैतिक तथा व्यवहारकुशल सिपहरू सिक्नका लागि सहजीकरण गर्ने, उपयुक्त वातावरण सिर्जना गर्ने,
- घरमा दुई वा सोभन्दा बढी बालबालिका भए उनीहरूबिच प्रतिस्पर्धाभन्दा सहयोग, सहकार्य र सफलतामा जोड दिने,
- बालबालिकासँग कुरा गर्दा संयमताका साथ कुरा गर्ने,
- बालबालिकामा रहेको चिन्ता र द्विविधालाई हटाउन आवश्यक परामर्श दिने वा थप परामर्शको आवश्यकता परेमा परामर्शदातासँग सम्पर्क गराउने,
- बालबालिकाहरूको शारीरिक तन्दुरुस्ती र तनाव व्यवस्थापनका लागि आफूसँगै योग, ध्यान, प्रणायम आदि गर्न मद्दत गर्ने,
- अपाङ्गता तथा सिकाइ क्षमतामा विविधता भएका सबै बालबालिकाका लागि पर्याप्त सिकाइ अवसर उपलब्ध गराउने ।

## ७.७ गैरसरकारी र अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका

१) वैकल्पिक प्रणाली अन्तर्गत विभिन्न समूहका विद्यार्थीहरूको सिकाइ सहजीकरण गर्न उपयोगी रेडियो, टेलिभिजन तथा अन्य अनलाइन तथा अफलाइन सामग्री विकास, उत्पादन, छपाइ, वितरण, प्रसारण, पुनः प्रसारण जस्ता कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहले गैरसरकारी र अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सहकार्य गर्ने,

२) सङ्घसंस्थाहरूको सहयोग वा सहकार्यमा कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित सङ्घसंस्थाको संलग्नता वा प्रतिविधित्व हुने गरी सङ्घ, प्रदेश र स्थानीय तहले आवश्यकताअनुसार सञ्जाल निर्माण गरी वैकल्पिक सिकाइ सहजीकरण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने, गराउने,

३) वैकल्पिक प्रणाली अन्तर्गत विद्यार्थीहरूको समूहअनुसार सिकाइ सहजीकरण गर्नका लागि शिक्षकहरूको क्षमता विकास, अभिमुखीकरण, अनलाइन तथा अफलाइन तालिम कार्यक्रम, शिक्षक सहजीकरण सामग्री विकास, वितरण जस्ता कार्यमा समन्वयात्मक ढङ्गबाट सहकार्य गर्ने,

४) वैकल्पिक सिकाइका लागि स्थानीय तह र विद्यालयलाई सहजीकरण गर्ने,

५) वैकल्पिक सिकाइका लागि शिक्षक र अभिभावकको क्षमता अभिवृद्धि गर्ने ।

नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर